# नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नियमावली-२०६८

**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को दफा ९(छ) तथा दफा ३५ ले दिएको अधिकारको प्रयोग गरी प्राज्ञसभाले देहायका नियमहरू बनाएको छ ।**

परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरूको नाम **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नियमावली-२०६८** रहेको छ ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन् । तर नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयहरूमा नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

२. **परिभाषा :**

(१) **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा –**

(क) ऐन भन्नाले **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान** ऐन, २०६४ सम्झनुपर्छ ।

(ख) **प्रज्ञा-प्रतिष्ठान** भन्नाले **नेपाल ललितकता प्रज्ञा-प्रतिष्ठान** सम्झनुपर्छ ।

(ग) **सभा** भन्नाले ऐनको दफा ७ बमोजिमको प्राज्ञसभा सम्झनुपर्छ ।

(घ) **प्राज्ञपरिषद्** भन्नाले ऐनको दफा ११ बमोजिमको प्राज्ञपरिषद् सम्झनुपर्छ ।

(ङ) **सेवा आयोग** भन्नाले ऐनको दफा २५ बमोजिम सेवा आयोग सम्झनुपर्छ ।

(च) **अध्यक्ष** भन्नाले ऐनको दफा ७ को प्रयोजनको लागि सभाको अध्यक्ष, दफा ११ को प्रयोजनको लागि प्राज्ञपरिषद्को अध्यक्ष र दफा २५ को प्रयोजनको लागि सेवा आयोगको अध्यक्ष सम्झनुपर्छ । यस शब्दले बैठकको अध्यक्षता गर्ने उपाध्यक्ष एवं सदस्य समेतलाई जनाउनेछ ।

(छ) **सदस्य** भन्नाले सभाका सदस्य, प्राज्ञपरिषद्को सदस्य र सेवा आयोगको सदस्यलाई सम्झनुपर्छ । सो शब्दले उपाध्यक्ष, सदस्य-सचिव र पदेन सदस्यसमेतलाई जनाउनेछ ।

(ज) **विभाग** भन्नाले यस नियम बमोजिम गठित प्राज्ञिक विभागहरू सम्झनुपर्छ ।

(झ) **बैठक** भन्नाले सभा, प्राज्ञपरिषद् र सेवा आयोगको बैठक सम्झनुपर्छ ।

(ञ) **प्रतिवेदन** भन्नाले यी नियमहरू बमोजिम सदस्यले आफ्नो क्षेत्रमा भए गरेको प्रगतिको सम्बन्धमा दिने प्रतिवेदन सम्झनुपर्छ ।

(ट) **कुलपति** भन्नाले प्रज्ञा-प्रतिष्ठानको कुलपति सम्झनुपर्छ ।

(ठ) **उपकुलपति** भन्नाले प्रज्ञा-प्रतिष्ठानको उपकुलपति सम्झनुपर्छ ।

(ड) **सचिव** भन्नाले प्रज्ञा-प्रतिष्ठानको सचिव सम्झनुपर्छ ।

(ढ) **पदाधिकारी** भन्नाले कुलपति, उपकुलपति, सचिव र परिषद्का मनोनीत सदस्य सम्झनुपर्छ ।

(ण) **तोकिएको** वा तोकिएबमोजिम भन्नाले यी नियमहरू र यी नियमहरू अन्तर्गतका कार्यविधि बमोजिम तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद – २
## प्रज्ञा–प्रतिष्ठानका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

### ३. कुलपतिको काम, कर्तव्य र अधिकार :

**ऐनको दफा १७ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

(क) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने ।

(ख) **प्रज्ञा-प्रतिष्ठान**को उद्देश्य अनुरूप ललितकलाको समग्र क्षेत्रको सर्वाङ्गीण विकासका लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने, गराउने र त्यस्ता योजना तथा कार्यक्रमहरूको प्रगतिको अनुगमन र मूल्याङ्कन गर्ने ।

(ग) **प्रज्ञा-प्रतिष्ठान**को वार्षिक कार्यक्रमको मूल्याङ्कन ४/४ महिनामा गरी प्राज्ञसभालाई सो बारे अवगत गराउने ।

(घ) प्राज्ञपरिषद्का सदस्यहरूले ४/४ महिनामा प्रस्तुत गर्ने आ-आफ्ना क्षेत्रको प्रतिवेदन अनुसार भए गरेका कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ङ) **प्रज्ञा-प्रतिष्ठान** र अन्य कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्था र सरकारी निकाय/कूटनीतिक नियोगबीच कुनै सम्झौता गर्नुपर्ने अवस्था परेमा प्रज्ञा-प्रतिष्ठानको तर्फबाट सम्झौता गर्ने ।

(च) सभाबाट भएको निर्णय र निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने ।

(छ) ऐन, नियम तथा कार्यप्रणालीद्वारा प्राप्त कर्तव्य र अधिकार कुलपतिले आवश्यकतानुसार कुनै समिति, निकाय वा आफ्नो मातहतका पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ज) **प्रज्ञा-प्रतिष्ठान**को सदस्य-सचिव १५ दिनभन्दा बढी कार्यालयमा अनुपस्थित हुने अवस्था भएमा दैनिक प्रशासनका लागि प्राज्ञपरिषद् सदस्यहरूमध्येबाट १ जनालाई सदस्य-सचिव फर्की नआउन्जेलसम्मका लागि सदस्य-सचिवले गर्ने कामकार्बाही गर्न तोक्ने ।

(झ) प्राज्ञपरिषद्को बैठकबाट निर्णय भएका कामहरूको कार्यान्वयन गर्ने, गराउने ।

### ४. उपकुलपतिको काम, कर्तव्य तथा अधिकार :

**ऐनको दफा १९ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) प्रज्ञा-प्रतिष्ठानको क्रियाकलाप तथा प्रशासनमा सामान्य रेखदेख र नियन्त्रण गर्ने ।

(ख) योजना कार्यको अद्यावधिक मूल्याङ्कन गरी प्राज्ञपरिषद्लाई अवगत गराउने ।

(ग) प्राज्ञपरिषद्को बैठकले तोकेबमोजिम **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को विभागका विभागीय कार्य र कार्ययोजनाहरूको अनुगमन गरी आवश्यक सहयोग गर्ने ।

(घ) प्राज्ञपरिषद्का सदस्यहरूबीच समन्वय गर्ने तथा निजहरूले प्रस्तुत गरेका प्रतिवेदन आ-आफ्नो क्षेत्रमा भए गरेको कार्यको रेखदेख र सुपरिवेक्षण गर्ने ।

(ङ) कुलपतिबाट अधिकार प्रत्यायोजन भएबमोजिमका कामकारबाहीहरू गर्ने ।

(च) कुलपतिलाई तोकिएको कामकार्बाही सुचारू रूपले सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउने ।

(छ) प्राज्ञपरिषद्ले समय-समयमा तोकेको कामकार्बाही गर्ने ।

(ज) प्रज्ञा-प्रतिष्ठानको सर्वाङ्गीण विकासमा कुलपतिलाई आवश्यक सहयोग गर्ने ।

**५. सदस्यहरूको काम, कर्तव्य तथा अधिकार :**
**सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) प्राज्ञपरिषद्ले विभाजन गरेका विभागको नेतृत्व गर्दै योजना बनाउने, कार्यसम्पादन, मूल्याङ्कन आदि गर्ने ।
(ख) प्राज्ञपरिषद्का सदस्यहरूले आ-आफ्नो क्षेत्रमा भए गरेका प्रगतिको प्रतिवेदन ४/४ महिनामा कुलपति समक्ष पेश गर्ने ।
(ग) प्रज्ञा-प्रतिष्ठानको सर्वाङ्गीण विकासमा कुलपतिलाई आवश्यक सहयोग गर्ने ।
(घ) सम्बन्धित् विधाको विज्ञ कलाकारहरू सम्मिलित विभिन्न समितिहरू आवश्यकतानुसार गठन गरी कार्यसम्पादन गर्ने ।
(ङ) आ-आफ्ना विभाग अन्तर्गतका योजना तथा कार्यक्रमहरू तयार गरी कुलपतिसमक्ष पेश गर्ने ।
(च) आफूलाई तोकिएका विभाग अन्तर्गतका काम कारबाहीहरूको अनुगमन, मूल्याङ्कन एवं समन्वय गर्ने र कार्यान्वयन गर्ने गराउने ।
(छ) प्राज्ञपरिषद्ले तोकेबमोजिम आ-आफ्नो विभागीय क्षेत्रमा पर्ने अनुसन्धान, अन्वेषण कार्य गर्ने, साथै नयाँ स्रष्टाहरूलाई प्रोत्साहित गर्न आवश्यक कार्य गर्ने ।
(ज) कुलपतिबाट समय-समयमा तोकेबमोजिम अन्य कार्यहरू गर्ने गराउने ।

**६. सदस्य-सचिवको काम, कर्तव्य र अधिकार :**

(क) कुलपति एवं उपकुलपतिको निर्देशनमा प्रज्ञा-प्रतिष्ठानको प्रशासनको जिम्मेवारी वहन गरी प्रशासन प्रमुख एवं नियन्त्रकको रूपमा काम गर्ने, गराउने ।
(ख) **प्रज्ञा-प्रतिष्ठान**को सम्पत्तिको सुव्यवस्था, संरक्षण, सम्भार, मर्मत, सञ्चालन तथा हेरचाह गर्ने तथा प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण जिन्सी लगत राख्न लगाउने ।
(ग) **प्रज्ञा-प्रतिष्ठान**को वार्षिक आम्दानी खर्चको बजेट तयार पारी प्राज्ञपरिषद्को बैठकमा पेश गर्ने, गराउने ।
(घ) **प्रज्ञा-प्रतिष्ठान**को आर्थिक नियमावलीमा तोकिएअनुसार काम कारबाही गर्ने ।
(ङ) **प्रज्ञा-प्रतिष्ठान**को कोष तथा खाताको सञ्चालन गर्ने, गराउने ।
(च) **प्रज्ञा-प्रतिष्ठान**को तर्फबाट दायर गर्ने, प्रतिवाद गर्ने जुनसुकै प्रकारको मुद्दा मामिलाको दायर र प्रतिवाद गर्ने, गराउने एवं प्रतिनिधित्व गर्ने ।
(छ) **प्रज्ञा-प्रतिष्ठान**को प्रत्येक निर्णय एवं आदेश अभिलेख राखी प्रमाणित गर्ने, गराउने ।
(ज) ऐन, नियममा उल्लेख भएअनुसारको तथा **प्रज्ञा-प्रतिष्ठान**को उद्देश्य अन्तर्गत रही कुलपति एवं उपकुलपतिको निर्देशानुसार अन्य कार्य गर्ने, गराउने ।
(झ) ऐनमा उल्लेखित प्रतिष्ठानको उद्देश्यमा रही कुलपतिको निर्देशनअनुसार प्राज्ञपरिषद् र सभामा प्रस्तुत गर्ने विषयहरूको प्रस्ताव तयार गर्ने र प्रस्तुत गर्ने, गराउने ।
(ञ) **प्रज्ञा-प्रतिष्ठान**को प्रवक्ताको रूपमा भूमिका निर्वाह गर्ने ।
(ट) **प्रज्ञा-प्रतिष्ठान**को उद्देश्यको परिधिमा रही आवश्यक कार्यहरू गर्ने, गराउने ।
(ठ) प्राज्ञपरिषद्को बैठकबाट निर्णय भएअनुसार आ-आफ्ना क्षेत्रका विज्ञ तथा कलाकारहरू सम्मिलित विभिन्न समितिहरू आवश्यकतानुसार गठन गरी कार्य सम्पादनलाई सफल पार्न सघाउ पुऱ्याउने ।
(ड) **प्रज्ञा-प्रतिष्ठान**को **चौमासिक योजना बनाउने, चौमासिक प्रगति विवरण** कुलपति,उपकुलपति, प्राज्ञपरिषद् सदस्य र प्राज्ञसभा सदस्यहरूलाई उपलब्ध गराउने ।
(ढ) कुनै पनि सदस्यहरूले प्रतिष्ठानको आन्तरिक कार्यक्रम वा गतिविधिबारे सु-सूचित हुन चाहेमा जानकारी उपलब्ध गराउने ।

## परिच्छेद – ३
## प्राज्ञिक विभागको गठन

**७. प्राज्ञिक विभागको गठन :**

(१) **प्रज्ञा-प्रतिष्ठान**मा प्राज्ञिक विकास र विस्तारसम्बन्धी कार्यक्रमहरू, अनुसन्धान, सम्मेलन, प्रदर्शनी, प्रकाशन तथा अन्य प्राज्ञिक कार्य सञ्चालन गर्न गराउनको लागि देहायका प्राज्ञिक विभागहरू रहने छन् -

(क) चित्रकला (परम्परागत)
(ख) मूर्तिकला (परम्परागत )
(ग) चित्रकला (समसामयिक)
(घ) मूर्तिकला (समसामयिक)
(ङ) लोककला
(च) हस्तकला तथा शिल्पकला
(छ) परम्परागत तथा समसामयिक वास्तुकला
(ज) समसामयिक/वैकल्पिक सिर्जनात्मक कला
(झ) अनुसन्धान, अभिलेख तथा प्रकाशन विभाग
(ञ) कला प्रवर्द्धन विभाग
(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय विभाग

(२) नियम (१) मा गठित प्राज्ञिक विभागका अतिरिक्त आवश्यकतानुसार विभिन्न विधाहरूलाई समेट्ने गरी प्रज्ञा-प्रतिष्ठानले अन्य प्राज्ञिक विभागहरू गठन गर्न सक्नेछ । त्यस्ता प्राज्ञिक विभागको काम, कर्तव्य र अधिकार प्राज्ञपरिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

**८. प्राज्ञिक विभागको काम, कर्तव्य र अधिकार :**
**प्राज्ञिक विभागका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(१) परम्परागत चित्रकला विभाग :

(क) परम्परागत चित्रकलाको विकासका लागि योजना तर्जुमा, कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
(ख) गोष्ठी, विचारविमर्श, प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी सञ्चालन गर्ने, गराउने ।
(ग) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा परम्परागत चित्रकला कार्यशाला, प्रशिक्षण, प्रवचन आदि गर्ने ।
(घ) परम्परागत चित्रकला विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय कलाकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने ।
(ङ) परम्परागत चित्रकला सृजनाको संरक्षण र संवर्द्धन गर्ने, गराउने ।
(च) परम्परागत चित्रकलाको प्रचारप्रसार गर्ने ।
(छ) परम्परागत कलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न योजना तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।
(ट) नेपाली परम्परागत चित्रकलालाई अन्तर्राष्ट्रियस्तरमा हुने गतिविधिहरूमा सहभागिता र प्रतिनिधित्व गर्ने, गराउने ।
(ठ) नेपाली परम्परागत चित्रकलाको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध बिषयका विद्वान् तथा चित्रकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने, गराउने ।

## (२) परम्परागत मूर्तिकला विभाग :

(क) परम्परागत मूर्तिकलाको विकासका लागि योजना तर्जुमा, कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) परम्परागत मूर्तिकलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न योजना तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(ग) परम्परागत मूर्तिकलाको बारेमा गोष्ठी, विचारविमर्श, प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी सञ्चालन गर्ने, गराउने ।

(घ) परम्परागत मूर्तिकलाको प्रचारप्रसार गर्ने ।

(ङ) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा कार्यशाला, प्रशिक्षण आदि गर्ने ।

(च) परम्परागत मूर्तिकलाको विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय कलाकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने ।

(छ) परम्परागत मूर्तिकलाको सृजनाको संरक्षण र सम्वर्द्धन गर्ने, गराउने ।

(ज) परम्परागत मूर्तिकलालाई अन्तर्राष्ट्रियस्तरमा हुने गतिविधिहरूमा सहभागिता र प्रतिनिधित्व गर्ने, गराउने ।

(ठ) परम्परागत मूर्तिकलाको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध बिषयका विद्वान् तथा चित्रकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने, गराउने ।

## (३) समसामयिक चित्रकला विभाग

(क) समसामयिक चित्रकलाको विकासका लागि योजना तर्जुमा, कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) समसामयिक चित्रकलाको बारेमा गोष्ठी, विचारविमर्श प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी सञ्चालन गर्ने, गराउने ।

(ग) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा समसामयिक चित्रकलाको कार्यशाला, प्रशिक्षण आदि गर्ने ।

(घ) समसामयिक चित्रकलाको विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय कलाकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने ।

(ङ) समसामयिक चित्रकलाको सृजनाको संरक्षण र संवर्द्धन गर्ने, गराउने ।

(च) समसामयिक चित्रकलाको प्रचारप्रसार गर्ने ।

(छ) समसामयिक चित्रकलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न योजना तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

## (४) समसामयिक मूर्तिकला विभाग

(क) समसामयिक मूर्तिकलाको विकासका लागि योजना तर्जुमा, कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) समसामयिक मूर्तिकलाको बारेमा गोष्ठी, विचारविमर्श, प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी सञ्चालन गर्ने, गराउने ।

(ग) समसामयिक मूर्तिकलाको प्रचारप्रसार गर्ने ।

(घ) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा कार्यशाला, प्रशिक्षण आदि गर्ने ।

(ङ) समसामयिक मूर्तिकलाको विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय कलाकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने ।

(च) समसामयिक मूर्तिकलाको सृजनाको संरक्षण र संवर्द्धन गर्ने, गराउने ।

(छ) समसामयिक मूर्तिकलालाई अन्तर्राष्ट्रियस्तरमा हुने गतिविधिहरूमा सहभागिता र प्रतिनिधित्व गर्ने, गराउने ।

(ज) समसामयिक मूर्तिकलाको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध बिषयका विद्वान् तथा मूर्तिकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने, गराउने ।

## (५) लोककला विभाग :

(क) नेपालमा मौलिक लोककलाको विकासका लागि योजना तर्जुमा गर्ने, गराउने तथा लोककलाको विकासका लागि योजना तर्जुमा, कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) लोककलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न योजना तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(ग) लोककलाको बारेमा गोष्ठी, विचारविमर्श प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी सञ्चालन गर्ने, गराउने ।

(घ) लोककलाको प्रचारप्रसार गर्ने ।

(ङ) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा लोककलाको कार्यशाला, प्रशिक्षण आदि गर्ने ।

(च) लोककलाको विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय कलाकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने ।

(छ) लोककलाको सृजनाको संरक्षण र संवर्द्धन गर्ने, गराउने ।

(ज) लोककलालाई अन्तर्राष्ट्रिय स्तरमा हुने गतिविधिहरूमा सहभागिता र प्रतिनिधित्व गर्ने, गराउने ।

(झ) लोककलाको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध विषयका विद्वान् तथा चित्रकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग सद्भावना र समन्वयको अभिवृद्धि गर्ने, गराउने ।

## (६) हस्तकला तथा शिल्पकला विभाग :

(क) हस्तकला तथा शिल्पकलाको प्रवर्द्धनका लागि सम्बन्धित् निकायसँग समन्वय गरी योजना तर्जुमा, कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) हस्तकला तथा शिल्पकलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न योजना तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(ग) हस्तकला तथा शिल्पकलाको बारेमा गोष्ठी, विचारविमर्श, प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी सञ्चालन गर्ने, गराउने ।

(घ) हस्तकला तथा शिल्पकलाको प्रचारप्रसार गर्ने ।

(ङ) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा हस्तकला तथा शिल्पकलाको कार्यशाला, प्रशिक्षण आदि गर्ने ।

(च) हस्तकला तथा शिल्पकलाको विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय कलाकार तथा सम्बद्ध अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने ।

(छ) हस्तकला तथा शिल्पकलाको अन्तर्राष्ट्रियस्तरमा हुने गतिविधिहरूमा सहभागिता र प्रतिनिधित्व गर्ने, गराउने ।

(ज) हस्तकला तथा शिल्पकलाको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध बिषयका विद्वान् तथा कलाकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने, गराउने ।

## (७) परम्परागत तथा समसामयिक वास्तुकला विभाग :

(क) परम्परागत तथा समसामयिक वास्तुकलाको प्रवर्द्धनका लागि सम्बन्धित् निकायसँग समन्वय गरी योजना तर्जुमा, कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(घ) परम्परागत तथा समसामयिक वास्तुकलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्न योजना तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(ङ) परम्परागत तथा समसामयिक वास्तुकलाको बारेमा गोष्ठी, विचारविमर्श, प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी सञ्चालन गर्ने, गराउने ।

(च) परम्परागत तथा समसामयिक वास्तुकलाको प्रचारप्रसार गर्ने ।

(छ) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा वास्तुकलाको कार्यशाला, प्रशिक्षण आदि गर्ने ।

(ज) परम्परागत तथा समसामयिक वास्तुकलाको विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय वास्तुकलाकार तथा सम्बद्ध अन्य संस्थाहरूको प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(झ) परम्परागत तथा समसामयिक वास्तुकलाको सृजनाको संरक्षण र संवर्द्धन गर्ने, गराउने ।

(ट) परम्परागत तथा समसामयिक वास्तुकलालाई अन्तर्राष्ट्रियस्तरमा हुने गतिविधिहरूमा सहभागिता र प्रतिनिधित्व गर्ने, गराउने

(ठ) परम्परागत तथा समसामयिक वास्तुकलाको अध्ययन र अनुसन्धानका निमित्त सम्बद्ध बिषयका विद्वान् तथा वास्तुकलाकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने, गराउने ।

## (८) समसामयिक/वैकल्पिक सिर्जनात्मक कला विभाग :

(क) नेपाली समसामयिक/वैकल्पिक सिर्जनात्मक कलाको र उत्तरआधुनिक प्रवृत्तिका विविध विधा उपविधाका विकासका लागि योजना तर्जुमा गर्ने, गराउने ।

(ख) नेपाली समसामयिक/वैकल्पिक सिर्जनात्मक कलाको बारेमा प्रवचन, गोष्ठी, विचारविमर्श प्रशिक्षण, सम्मेलन, प्रतियोगिता, प्रदर्शनी आदि सञ्चालन गर्ने, गराउने ।

(घ) नेपाली समसामयिक/वैकल्पिक सिर्जनात्मक कलाको सिर्जनात्मक कलाको क्षेत्रमा लागेका प्रतिभाहरूको सूची तयार गर्ने, गराउने ।

(ङ) स्थानीय, क्षेत्रीय, राष्ट्रियस्तरमा नयाँ प्रतिभाहरूको खोजी गरी प्रशिक्षण दिन सिफारिस गर्ने ।

(च) नेपाली समसामयिक/वैकल्पिक सिर्जनात्मक कलाको विकासको लागि अध्ययन, अनुसन्धानका विविध क्षेत्रमा उल्लेख्य योगदान दिने स्थानीय कलाकार तथा सम्बद्ध अन्य संघसंस्थाहरूको विकासमा सहयोग पुऱ्याउने ।

(छ) नेपाली समसामयिक/वैकल्पिक सिर्जनात्मक कलाका स्रष्टाहरूको सिर्जनाको संरक्षण र संवर्द्धन गर्ने, गराउने ।

(ज) यस क्षेत्रमा संलग्न सर्जकहरूलाई कदर तथा सम्मान गर्न परिषद्मा सिफारिस गर्ने, गराउने ।

(झ) नेपाली समसामयिक/वैकल्पिक सिर्जनात्मक कलाको राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा हुने गतिविधिहरूमा परिषद्बाट स्वीकृत लिई सहभागिता र प्रतिनिधित्व गर्ने गराउने ।

(ञ) नेपाली समसामयिक/वैकल्पिक सिर्जनात्मक कलाको अध्ययन, अनुसन्धान र विकासको निमित्त सम्बद्ध विषयका विज्ञ तथा सिर्जनात्मक कलामा समर्पित कलाकारहरूको प्रतिभा विकसित हुने वातारणको लागि सहयोग, सद्भावना र समन्वयको अभिवृद्धि गर्ने गराउने ।

(ट) समसामयिक/वैकल्पिक सिर्जनात्मक कला अन्तर्गत उत्तरआधुनिक प्रवृत्तिका जस्तै- इन्स्टलेशन, पर्फमेन्स, भिडियो आर्ट, फोटोग्राफी आदिको पनि संवर्द्धन र विकास गर्ने ।

(ठ) कार्टुनकला, एनिमेशन आदिको पनि संवर्द्धन र विकास गर्ने ।

## (९) कला प्रवर्द्धन विभाग

(क) राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा दातृ र कूटनीतिक नियोगसँग समन्वय गरी ललितकलाको प्रवर्द्धनका लागि पहल गर्ने ।

(ख) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को अचल सम्पत्तिलाई सदुपयोग गरी सो स्थानमा ललितकलाको प्रवर्द्धनका साथै **प्रज्ञा-प्रतिष्ठान**को सस्थागत विकासका लागि विविध कार्य गर्ने ।

(ग) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को राष्ट्रिय ललितकला संग्रहालयलाई **राष्ट्रिय गौरवको प्रतीक**को रूपमा स्थापित गराउन आवश्यक व्यवस्थापन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिरपरिचित संग्रहालयका रूपमा विकास गर्ने । यसका लागि संग्रहालयको सुधार एवं प्रचार-प्रसार गरी कलाविकासको कार्यमा टेवा पुऱ्याउने ।

(घ) ललितकलासँग सम्बन्धित् ऐतिहासिक, समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तक, पत्रिकाहरूको प्रकाशन, संकलन गरी कलाको प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

(ङ) कलाकृतिहरूको संकलन, प्रदर्शन तथा बिक्री वितरण गरी कलाको प्रवर्द्धनमा सघाउ पुऱ्याउने ।

## (१०) अनुसन्धान, अभिलेख तथा प्रकाशन विभाग

(क) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले परम्परागत, समसामयिक, लोककला आदि सम्बन्धी कलाको अनुसन्धान, संकलन, प्रकाशन गरी **अभिलेख** तयार पारी व्यवस्थित रूपमा सबैको पहुँच पुग्ने गरी व्यवस्थित गर्ने ।

(ख) नेपाली परम्परागत, समसामयिक, लोककलाको अध्ययन, अनुसन्धान गरी **तथ्यपरक इतिहास** तयार पारी प्रकाशन गर्ने ।

(ग) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को समग्र गतिविधि तथा ललितकला गतिविधिको जानकारी दिने तथा अभिलेख राख्ने उद्देश्यले नेपाली र अंग्रेजी भाषामा **मासिक बुलेटिन**को प्रकाशन गर्ने ।

(घ) नेपाली परम्परागत, समसामयिक, लोककलामा संलग्न कलाकारहरूको आधिकारिक र विश्लेषणात्मक **मनोग्राफ** तयार पारी प्रकाशन गर्ने ।

(ङ) नेपाली कलाकारहरूका बारेमा उनीहरूको कलायात्राको समग्र पक्ष झल्किने **डकुमेन्ट्री** तयार पार्ने ।

(च) ललितकला क्षेत्रमा संलग्न परम्परागत, समसामयिक, लोककला, कलालेखन, कलासमीक्षाका प्रतिभाहरूलाई राष्ट्रिय कदर तथा राष्ट्रिय सम्मान गर्न परिषद्मा सिफारिस गर्ने, गराउने । त्यस्तै स्वदेशी, विदेशी, गैरआवासीय नेपाली विद्वान् तथा कलाकार र कलाविद्हरू, कला संघसंस्थाहरूको कदर तथा सम्मान गर्ने ।

## (११) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय विभाग

(क) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले अन्तर्राष्ट्रिय कला गतिविधिहरूलाई राष्ट्रियस्तरमा र राष्ट्रिय कला गतिविधिहरूलाई अन्तर्राष्ट्रियस्तरमा सु-सूचित गर्न सम्बद्ध पक्षसँग **कार्यगत एकता** गर्ने ।

(ख) नेपाली परम्परागत, समसामयिक, लोककला आदिको अन्तर्राष्ट्रियस्तरमा प्रदर्शनी गर्ने तथा अन्तर्राष्ट्रिय कलाकारहरूको राष्ट्रियस्तरमा कला प्रदर्शनी गर्ने ।

(ग) **कला कार्यशाला, कला आदान-प्रदान कार्यक्रम** तथा **कला अवलोकन भ्रमण** गर्ने, गराउने ।

(घ) नेपालमा **बायनाले कला प्रदर्शनी**को आयोजना गर्ने ।

(ङ) **प्रज्ञा-प्रतिष्ठान**ले परम्परागत, समसामयिक, लोककलामा संलग्न कलाकारहरूको पहिचानलाई अन्तर्राष्ट्रिय जगत्मा पुऱ्याउन नेपालस्थित कूटनैतिक नियोगमार्फत् आवश्यक पहल गर्ने ।

## परिच्छेद- ४
## सभा

**९. सभाको काम, कर्तव्य र अधिकार :**
**ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य कामहरू देहायबमोजिम हुनेछन् -**

(क) नेपाली ललितकलाको संरक्षण एवं संवर्द्धन र विकास गर्न नीतिहरू तयार गर्ने, गराउने ।
(ख) प्राज्ञपरिषद्लाई अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाज उपयोगी कृतिहरू तयार गर्ने, गराउने तथा सोसम्बन्धी विद्वान् तथा प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न नीतिगत निर्देशन दिने ।
(ग) प्रज्ञा-प्रतिष्ठानसँग सम्बन्धित् विभिन्न विषयहरूमा प्राज्ञपरिषद्ले बनाएको नीति, कार्यक्रम सिफारिस र बजेट सम्बन्धी छलफल गरी अनुमोदन गर्ने, गराउने ।
(घ) नेपालका सबै जातजाति/भाषाभाषीका ललितकलाको संरक्षण, संवर्द्धन र विकास गर्न नीति तयार गर्ने, गराउने ।
(ङ) प्राज्ञसभा सदस्यहरूले आवश्यकतानुसार कुलपति, उपकुलपति, सदस्य-सचिव र परिषद्का सदस्यहरूलाई सल्लाह, सुझाव र कार्यक्रमको रूपरेखा बनाउन सहयोग गर्ने ।
(च) काठमाडौं बाहिर बस्ने प्राज्ञसभा सदस्यहरूको हकमा आ-आफ्नो ठाउँको कला गतिविधिलाई प्रोत्साहित गर्ने र स्थानीय कला संस्थाहरूसँग समन्वय कायम गर्न, कार्यसम्पादन गर्न सहयोग गर्ने ।

**१०. सभाको बैठक :**

(क) सभाको बैठक बर्षमा कम्तीमा ३ पटक बस्ने सक्नेछ ।
(ख) सभाको बैठकमा प्रमुख संरक्षक एवं संरक्षकलाई समेत आमन्त्रण गर्न सकिनेछ ।
(ग) सभाका अध्यक्षको निर्देशनमा सदस्य-सचिवले सभाको बैठक बोलाउन सक्नेछ ।
(घ) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले सभाको अध्यक्षता गर्नेछ । सभाका अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सभाका सदस्यहरूमध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

**११. बैठकको सूचना :**

सभाको बैठक बस्ने मिति, समय र स्थान निश्चित भएपछि बैठकमा छलफल गरिने विषय समेत स्पष्ट रूपले उल्लेख गरी सो बैठकमा प्रस्तुत हुने प्रस्ताव एवं कार्यसूची समेत बैठक बस्नुभन्दा कम्तीमा १५ दिन अगावै सदस्य-सचिवले अध्यक्ष, उपाध्यक्ष एवं अन्य सबै सदस्यहरूलाई लिखित रूपमा पठाउनु पर्नेछ तर उपर्युक्त बमोजिम पठाइएको कार्यसूचीमा कुनै विषयवस्तु थप गर्न अत्यावश्यक देखिएको खण्डमा सदस्य-सचिवले सभाका अध्यक्षको स्वीकृति लिई सभाको बैठक बस्नुभन्दा २४ घण्टा अगावै अध्यक्ष, उपाध्यक्ष एवं अन्य सबै सदस्यहरूलाई उक्त थप गरिएको विषयवस्तुको कार्यसूची लिखित रूपमा पठाउन कुनै किसिमको बाधा पर्ने छैन ।

**१२. बैठकको प्रारम्भ र स्थगन :**

सभाको बैठकको प्रारम्भ र स्थगनको घोषणा अध्यक्षले गर्नेछ ।

**१३. गणपूरक संख्या :**

सभाको बैठकमा तत्काल कायम रहेका सदस्यहरूमध्ये ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

**१४. बैठकमा पेश हुने प्रस्तावसम्बन्धी व्यवस्था :**

(क) बैठकको कार्यसूचीमा उल्लेखित प्रस्ताव सचिवले बैठकमा प्रस्तुत गर्नेछ ।

(ख) सभाका सदस्यहरूले सभामा छलफलको लागि प्रस्तुत गर्न चाहेको प्रस्ताव लिखित रूपमा सभाको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै सदस्य-सचिवको कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

(ग) सभाको बैठकको प्रारम्भ भएपछि अध्यक्षले प्रस्ताव प्रस्तुतकर्ता सदस्यलाई प्रस्ताव सभामा प्रस्तुत गर्न समय दिनेछ तर विशेष कारणवश निज सो बैठकमा अनुपस्थित रहेमा बैठकको अध्यक्षको अनुमति लिई अन्य सदस्यले अनुपस्थित सदस्यको तर्फबाट सो प्रस्ताव पेश गर्न सक्नेछ ।

(घ) कुनै सदस्यले बैठकमा प्रस्तुत गरेको प्रस्ताव अर्को सदस्यद्वारा समर्थन नभएमा उक्त प्रस्ताव स्वतः निष्क्रिय भएको मानिनेछ ।

(ङ) बैठकमा प्रस्तुत प्रस्तावमा प्रस्तावक स्वयम्ले वा अन्य कुनै सदस्यले संशोधन पेश गर्न चाहेमा संशोधन प्रस्ताव पेश गर्नको लागि अध्यक्षले मनासिव माफिकको समय दिनेछन् ।

(च) उपनियम (ङ) बमोजिम संशोधन प्रस्ताव पेश भएमा अध्यक्षले त्यस्तो प्रस्ताव प्रस्तुतकर्ता सदस्यलाई संशोधन प्रस्तावको सम्बन्धमा संक्षिप्त मन्तव्य दिन समय दिनेछ ।

(छ) बैठकमा पेश भएको प्रस्ताव वा त्यसमाथिको संशोधन प्रस्ताव बैठकको अध्यक्षको अनुमति लिई प्रस्तावक सदस्यले फिर्ता लिन सक्नेछ ।

**१५. निर्णयार्थ प्रस्ताव प्रस्तुत गर्ने :**

बैठकमा प्रस्तुत भएको प्रस्ताव एवं त्यसमाथिको संशोधन प्रस्ताव भएमा सो समेत नियम १४ को उपनियम (छ) बमोजिम सम्बन्धित् प्रस्तुतकर्ताले फिर्ता नलिएमा उक्त प्रस्तावहरूमाथि बैठकमा छलफल भइसकेपछि निर्णयार्थ प्रस्तुत गरिनेछ ।

**१६. प्रस्ताव पारित गर्ने :**

(क) बैठकमा निर्णयार्थ प्रस्तुत गरिएका प्रस्तावहरू एवं संशोधन प्रस्तावहरूको निर्णयको लागि अध्यक्षले सदस्यहरूलाई आह्वान गर्नेछ ।

(ख) उपनियम (क) बमोजिम निर्णयको लागि प्रस्तुत भएका प्रस्तावहरू एवं संशोधन प्रस्तावहरू उक्त सभाको सर्वसम्मतिबाट निर्णय भएमा सोही बमोजिम पारित भएको मानिनेछ र सर्वसम्मत नभएमा अध्यक्षले मतदानको लागि सदस्यहरूलाई आह्वान गर्नेछ ।

(ग) सभामा प्रस्तुत भएका विषयहरूको निर्णय सभाको बहुमतबाट हुनेछ । तर सभामा प्रस्तुत प्रस्तावको पक्ष र विपक्षमा बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(घ) सभाको निर्णय अध्यक्षले आवश्यकतानुसार खुला मत वा समूह विभाजन वा गोप्य मतदानद्वारा गराउन सक्नेछ ।

(ङ) बैठकमा प्रस्तुत प्रस्ताव बैठकबाट अस्वीकृत भएमा स्वतः रद्द भएको मानिनेछ ।

(च) बैठकबाट पारित निर्णयको घोषणा अध्यक्षले गर्नेछ । साथै अध्यक्षबाट घोषित निर्णय सभाको निर्णय मानिनेछ ।

(छ) प्रस्ताव पारित भए पनि कुनै प्राज्ञसभासद्लाई चित्त नबुझेमा निर्णय पुस्तिकामा **असहमति** Note of Desent लेख्न सक्नेछन् ।

## १७. निर्णयको अभिलेख तथा प्रमाणीकरण :

(क) सचिवले बैठकबाट पारित भएको निर्णयको अभिलेख निर्णय पुस्तिकामा अद्यावधिक रूपले तयार गरी राख्नुपर्नेछ ।

(ख) निर्णय पुस्तिकामा गरिएका निर्णयहरू कुलपतिको दस्तखत गराई सदस्य-सचिवले समेत प्रमाणित गरी सुरक्षित राख्नुपर्नेछ ।

(ग) सचिवले सभाको बैठकको कार्बाहीको सम्पूर्ण विवरण एवं बैठकद्वारा पारित निर्णयहरू तयार गरी सदस्यहरूको जानकारीको लागि पठाउनेछ ।

## १८. भत्ता :

(क) प्राज्ञसभाको बैठकमा उपस्थित भई भाग लिए बापत प्राज्ञसभाका सदस्यहरूलाई दैनिक तथा भ्रमण भत्ता र बैठक भत्ता प्राज्ञपरिषद्ले तोकेबमोजिम हुनेछ ।

(ख) प्राज्ञसभाका सदस्यहरूको सुविधाको हकमा सञ्चार, यातायात लगायत अन्य सुविधा बापत प्राज्ञपरिषद्का सदस्यहरूले पाउने मासिक पारिश्रमिकको पचास प्रतिशत सभा सदस्यमा नियुक्त भएको मितिदेखि सो पदमा रहने अवधिभर प्राज्ञसभा सदस्यहरूले मासिक रूपमा पाउनेछन् ।

# परिच्छेद -५
# परिषद्

## १९. प्राज्ञपरिषद्को काम, कर्तव्य र अधिकार

**ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-**

(क) चित्रकला (परम्परागत)
(ख) मूर्तिकला (परम्परागत )
(ग) चित्रकला (समसामयिक)
(घ) मूर्तिकला (समसामयिक)
(ङ) लोककला
(च) हस्तकला तथा शिल्पकला
(छ) परम्परागत तथा समसामयिक वास्तुकला
(ज) समसामयिक/वैकल्पिक सिर्जनात्मक कला
(झ) अनुसन्धान, अभिलेख तथा प्रकाशन विभाग
(ञ) कला प्रवर्द्धन विभाग
(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय विभागहरूमा खोज-अनुसन्धान गरी विभिन्न विभाग मार्फत विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने, गराउने ।

(२) प्राज्ञसभाबाट दिइएका मार्गनिर्देशनहरूलाई आधार मानी सो अनुसारको कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

(३) मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता प्रदान गर्ने आधारहरू तयार गर्ने ।

(४) विद्वद्वृत्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान, अन्तर्राष्ट्रिय पुरस्कार, अलङ्कार, कदर, सम्मान, प्रदान गर्न योगदान पुऱ्याउने व्यक्तिहरूको चयन गर्ने सम्बन्धमा आवश्यक आधारहरू तय गरी चयन गर्ने र अनुमोदनका लागि सभासमक्ष पेश गर्ने ।

(५) प्राज्ञपरिषद्ले वर्षभरिमा भए गरेका कामकार्बाहीहरू स्पष्ट रूपमा देखिने गरी वार्षिक प्रतिवेदन तयार गर्ने, गराउने ।

(६) प्राज्ञपरिषद्का प्राज्ञ सदस्यहरूले आ-आफ्नो विभाग अन्तर्गतको प्रगति विवरण प्रत्येक ४/४ महिनामा कुलपतिसमक्ष प्रस्तुत गर्ने र सोको समीक्षा गर्ने, गराउने ।

(७) परिषद्लाई आवश्यक पर्ने विषयहरूका सम्बन्धमा आवश्यकतानुसार समिति, उपसमिति र कार्यटोली गठन गर्ने र सो टोलीको काम, कर्तव्य र अधिकार तोक्ने ।

(८) परिषद्को कामकार्बाही र विषयगत विभागीय प्रमुखहरूको कार्यलाई सहज बनाउन आवश्यक परेमा प्राज्ञसभासद् सम्मिलित सम्बन्धित् विषय विज्ञहरूको समिति, उपसमिति वा कार्यटोली गठन गरी त्यस्तो समिति वा उपसमितिको काम, कर्तव्य र अधिकार तोक्ने ।

(९) विभागीय प्रमुख, सम्बन्धित् विषय विज्ञहरूको समिति, उपसमितिलाई प्रदान गरिने बैठक भत्ता परिषद्ले तोकेबमोजिम हुनेछ ।

(१०) कलाकार उपचार कोषको स्वरूप निर्धारण गरी प्राज्ञपरिषद्ले प्राज्ञसभाबाट अनुमोदन गराउनेछ ।

(११) कलाकार कल्याण अक्षयकोषको स्थापना गर्ने, गराउने ।

(१२) अन्तर्राष्ट्रिय जगत्मा नेपाली कला सृजना तथा कला पुस्तक प्रकाशन र प्रदर्शनीको आयोजना आदि विकास र प्रचार गर्ने जस्ता कार्य गरी सहयोग पुऱ्याउने स्वदेशी, विदेशी विद्वान्, विदुषीहरूलाई अलङ्कार, सम्मान, पुरस्कार प्रदान गर्न अन्तर्राष्ट्रिय प्रतिभा पुरस्कार अक्षयकोषको स्थापना गर्ने । यसरी प्रदान गरिने कदर, सम्मान, पुरस्कारका निम्ति प्राप्त नामावली अनुमोदनका लागि प्राज्ञसभामा पेश गरी अनुमोदन गराउने ।

(१३) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिभा तथा संघसंस्थाहरूसँग सहकार्य गर्ने, गराउने ।

(१४) ऐनको प्रस्तावमा उल्लेखित उद्देश्यहरू कार्यान्वयन गर्न आवश्यक कार्यहरू गर्ने, गराउने ।

(१५) हरेक विभागले आफ्नो विभागको उद्देश्य स्पष्ट पारी दीर्घकालीन र अल्पकालीन क्रियाकलापहरूको विकास गर्ने । सोका लागि आवश्यक पर्ने सरसल्लाह र सहयोग प्राज्ञसभासद्हरूले गर्ने ।

(१६) हरेक विभागले आफ्नो विषय क्षेत्रको परिभाषा, यसले ओगट्ने क्षेत्र, रणनीति, प्रक्रिया, कार्यसम्पादन, अनुगमन र मूल्याङ्कनको स्पष्ट खाका तयार पार्ने ।

(१७) हरेक विभागले कार्यतालिका बनाई प्राज्ञपरिषद्को बैठकबाट पारित गर्नुपर्ने ।

(१८) **प्रज्ञा-प्रतिष्ठान**का नियमहरूको व्याख्या गर्ने ।

## २०. प्राज्ञपरिषद्को बैठक सम्बन्धी व्यवस्था :

(१) प्राज्ञपरिषद्को बैठक सामान्यतः दुई महिनामा कम्तीमा १ पटक बस्नेछ तर आवश्यक परेको खण्डमा कुलपतिको निर्देशनमा सदस्य-सचिवले प्राज्ञपरिषद्को बैठक बोलाउन सक्नेछ ।

(२) प्राज्ञपरिषद्को बैठकको अध्यक्षता कुलपतिले गर्नेछ । निजको अनुपस्थितिमा उपकुलपतिले प्राज्ञपरिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(३) प्राज्ञपरिषद्को बैठक बस्ने मिति, समय, स्थान एवं बैठकमा छलफल गरिने विषयहरू समेत स्पष्ट रूपले उल्लेख गरी बैठक बस्नुभन्दा कम्तीमा २४ घण्टा अगावै सदस्य-सचिवले सबै सदस्यहरूलाई लिखित रूपमा सूचना पठाउनु पर्नेछ ।

**२१. गणपूरक संख्या :**

(१) प्राज्ञपरिषद्को बैठकमा तत्काल कायम रहेका सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

**२२. प्रस्ताव सम्बन्धी व्यवस्था :**

(१) प्राज्ञपरिषद्को कुनै पनि सदस्यले प्राज्ञपरिषद्को काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने विषय सम्बन्धी प्रस्ताव अध्यक्षको पूर्व स्वीकृति लिई प्राज्ञपरिषद्को बैठकमा विचारार्थ वा निर्णयार्थ प्रस्तुत गर्न सक्नेछ ।
(२) प्राज्ञपरिषद्मा प्रस्तुत हुने प्रस्तावको ढाँचा वा कार्य, व्यवस्थापन, प्रणाली प्राज्ञपरिषद्ले तोकेबमोजिम हुनेछ ।
(३) बैठकमा पेश भएको प्रस्ताव बैठकको अध्यक्षको अनुमति लिई प्रस्तावक सदस्यले फिर्ता लिन सक्नेछ ।

**२३. निर्णयार्थ प्रस्ताव प्रस्तुत गर्ने :**

बैठकमा प्रस्तुत भएको प्रस्ताव एवं सोमाथि संशोधन प्रस्ताव भएमा सो समेत यस नियमावली बमोजिम सम्बद्ध प्रस्तुतकर्ता सदस्यले फिर्ता नलिएमा उक्त प्रस्तावहरूमाथि बैठकमा पर्याप्त छलफल भइसकेपछि बैठकमा निर्णयार्थ प्रस्तुत गरिनेछ ।

**२४. प्राज्ञपरिषद्को निर्णय :**

(१) प्राज्ञपरिषद्को बैठकको छलफल वा निर्णयको लागि प्रस्तुत गरिएको प्रस्ताव वा अन्य विषयवस्तुमा बैठकको सर्वसम्मति नभएमा अध्यक्षले निर्णयको लागि मतदान गर्न सदस्यहरूलाई आह्वान गर्नेछ ।
(२) प्राज्ञपरिषद्मा प्रस्तुत भएको विषयको निर्णय प्राज्ञपरिषद्को बैठकको बहुमतबाट हुनेछ तर बैठकमा प्रस्तुत प्रस्ताव वा अन्य विषयवस्तुको पक्ष र विपक्षमा बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।
(३) बैठकबाट पारित निर्णयको घोषणा अध्यक्षले गर्नेछ । साथै अध्यक्षबाट घोषित निर्णय प्राज्ञ-परिषद्को निर्णय मानिनेछ ।
(४) सचिवले प्राज्ञपरिषद्को बैठकको प्रत्येक निर्णय, निर्णय-पुस्तिकामा लेखी अध्यक्षको हस्ताक्षर गराई अध्यक्षसहित उपस्थित बहुमत सदस्य संख्याको हस्ताक्षर गराई आफूले समेत प्रमाणित गरी आफैले राख्नुपर्नेछ ।
(५) बैठकका निर्णयहरूको एक प्रति सदस्यहरूलाई जानकारीका लागि पठाउनु पर्नेछ ।

## परिच्छेद – ६
## सेवा आयोगसम्बन्धी व्यवस्था

**२५. सेवा आयोगको काम, कर्तव्य र अधिकार :**
**सेवा आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :**

(१) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**का कर्मचारीको नियुक्तिका निम्ति उपयुक्त उम्मेदवारको परीक्षाको सञ्चालन गर्नु, छनोट गर्नु, छनोट भएका उम्मेदवारहरूको सिफारिस गर्नु सेवा आयोगको कर्तव्य हुनेछ ।

(२) **प्रज्ञा-प्रतिष्ठान**को सेवाको लागि लिइने स्थायी पदहरूमा सेवा आयोगको परामर्श र सिफारिस बिना नियुक्ति गरिने छैन ।

(३) **प्रज्ञा-प्रतिष्ठान**का कर्मचारीहरूको बढुवाको लागि सेवा आयोगले सिफारिस गर्नेछ ।

(४) देहायका विषयमा सेवा आयोगको परामर्श लिनुपर्नेछ -

(क) **प्रज्ञा-प्रतिष्ठान**को सेवाका शर्तसम्बन्धी कानूनको विषयमा,

(ख) **प्रज्ञा-प्रतिष्ठान**को सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अंगाल्नु पर्ने सिद्धान्तको विषयमा,

(ग) **प्रज्ञा-प्रतिष्ठान**को सेवाको पदमा ६ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) **प्रज्ञा-प्रतिष्ठान**को सेवामा रहेको कुनै कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा,

(५) (क) सेवा आयोगका अन्य काम, कर्तव्य, अधिकार तोकिएबमोजिम हुनेछन् ।

(ख) **प्रज्ञा-प्रतिष्ठान**को ऐन, नियमको अधिनमा रही सेवा आयोगले अन्य कार्यविधि आफै निर्धारण गर्नेछ ।

(६) सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूले बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता प्राज्ञपरिषद्द्वारा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद – ७
## पदाधिकारीको सेवा, शर्त र सुविधा

**२६. पदाधिकारीहरूको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था :**
**प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीहरूको सेवा, शर्त तथा सुविधा देहायबमोजिम हुनेछ –**

**(क) पारिश्रमिक र सुविधा :**
कुलपतिलाई नेपाल सरकारका राज्यमन्त्रीसरहको पारिश्रमिक, उपकुलपतिलाई सहायक मन्त्री-सरहको पारिश्रमिक र सदस्य एवं सदस्य-सचिवलाई नेपाल सरकारका विशिष्ट श्रेणीका मुख्य सचिवले पाए सरहको पारिश्रमिक प्रदान गरिनेछ । प्राज्ञपरिषद्का पदाधिकारीहरुले पाउने अन्य सुविधाहरु प्राज्ञपरिषद्ले तोकेबमोजिम हुनेछ । (विशेष प्राज्ञसभा २०७३ बाट संशोधित) उपनियम (१) बमोजिम पदाधिकारीहरूले पाउने पारिश्रमिक तथा सुविधा पदाधिकारीहरूको पद बहाली भएकै दिनबाट लागू हुनेछ ।

(ख) **आजीवन सदस्यहरूको भत्ता:** आजीवन सदस्यहरूले प्राज्ञपरिषद्का सदस्यलाई तोकिएको पारिश्रमिकको दुई तिहाइ रकम बराबरको भत्ता पाउने छन् । प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्यले नेपाल सरकारको कुनै तलबी जागीर पाएमा सो पदमा रहेको अवधिभर त्यस्तो भत्ता पाउने छैनन् ।

(ग) ........................हटाइएको । (विशेष प्राज्ञसभा २०७३ बाट हटाइएको)

**२७. औषधि उपचारसम्बन्धी व्यवस्था :**

(क) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान** प्राज्ञपरिषद्का पदाधिकारी तथा प्राज्ञसभाका सदस्य बिरामी भई अस्पतालमा भर्ना भई उपचार गराउनु परेमा परिस्थितिको उचित मूल्याङ्कन गरी प्राज्ञपरिषद्को निर्णयअनुसार उपचार कोषबाट खर्च प्रदान गर्न सकिनेछ ।

(ख) स्वदेशमा उपचार हुन नसक्ने गरी बिरामी भएमा सरकारी अस्पतालको ३ जना वरिष्ठ विशेषज्ञ डाक्टरको सिफारिस प्राप्त भएपछि विदेशमा गई उपचार गर्नुपर्ने प्राज्ञपरिषद्का पदाधिकारी एवं प्राज्ञसभाका सदस्यहरू, आजीवन र मानार्थ सदस्यहरूलाई उपचारका लागि उपचारमा लाग्ने आर्थिक सहयोग स्वरूप रकम उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

## २८. बिदा :

(क) कुलपति, उपकुलपति, सदस्य-सचिव एवं परिषद्का सदस्यहरूले आफ्नो कार्यकालमा वर्षको २ महिनाको दरले सेवा अवधिभर बढीमा ८ महिनासम्मको पूरा पारिश्रमिकसहित बिदा पाउन सक्नेछन् ।

(ख) उपनियम (क) बमोजिम बिदा लिँदा एकपटकमा एक महिनामा नबढाई बिदा लिन सकिनेछ ।

(ग) पदाधिकारीहरूले आफ्नो सेवा अवधिमा उपनियम (क) मा उल्लेख भएअनुसार बिदा नलिएमा वा समय-समयमा बिदा लिई बाँकी बिदा सञ्चित हुन आएमा निजले जुनसुकै बेहोराबाट आफ्नो पदबाट हटेमा पनि सञ्चित बिदाबापत हुन आउने अवधिको पारिश्रमिक बराबरको रकम एकमुष्ट लिन पाउनेछ ।

(घ) कुलपतिले ३० दिनसम्मको बिदा आफै लिन सक्ने र सोभन्दा बढीको बिदा लिनुपरेमा प्राज्ञपरिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ङ) उपकुलपति लगायत प्राज्ञपरिषद्का सदस्यहरूले कुलपतिबाट स्वीकृत गराई बिदा बस्न सक्नेछन् ।

## २९. चाडपर्व खर्च :

(क) पदाधिकारीहरूले आफ्नो धर्म, संस्कृति, परम्परानुसार मनाइने चाडपर्वका लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउने छन् ।

(ख) यस्तो रकम पदाधिकारीहरूले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति, परम्परानुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछन् ।

(ग) प्राज्ञसभासद्हरूको हकमा प्राज्ञपरिषद्का पदाधिकारीहरूले प्रत्येक वर्ष चाडपर्व बापत पाउने चाडपर्व खर्चको पचास प्रतिशत बराबरको खर्च सुविधा सभा सदस्यमा नियुक्त भएको वर्षदेखि सदस्य रहुन्जेल प्रत्येक वर्ष पाउने छन् ।

## ३०. सवारी साधन र इन्धन सुविधा :

(१) कुलपतिलाई ड्राइभर र इन्धनसहितको एकथान सवारी साधन उपलब्ध गराइनेछ ।

(२) उपकुलपतिलाई ड्राइभर र इन्धनसहितको एकथान सवारी साधन उपलब्ध गराइनेछ ।

(३) सदस्यहरूलाई ड्राइभर र इन्धनसहितको सवारी साधनहरू उपलब्ध गराइनेछ ।

(४) सदस्य-सचिवलाई ड्राइभर र इन्धनसहितको एक थान सवारी साधन उपलब्ध गराइनेछ ।

(५) कुनै सदस्यले प्रतिष्ठानको सवारी साधन प्रयोग नगरी आफ्नो निजी साधन प्रयोग गर्न चाहेमा मासिक ८० लिटर पेट्रोल मात्र उपलब्ध गराइनेछ । तर निजी सवारी साधनको प्रयोगकर्तालाई मर्मतसम्भार खर्च दिइने छैन ।

(६) कुनै पदाधिकारीले प्रतिष्ठानको कामको सिलसिलामा उपत्यकाबाहिर जानुपर्दा प्रयोग गरिएको सवारी साधनलाई लाग्ने इन्धन प्रतिष्ठानले ड्राइभरसहित उपलब्ध गराउनेछ ।

## ३१. आवास सुविधा :

उपत्यकाभित्र स्थायी घरबार नभएका पदाधिकारीलाई निजलाई तोकिएको मासिक पारिश्रमिकको ५०% बराबरको रकम घरभाडा बापत उपलब्ध गराइनेछ ।

## ३२. दैनिक तथा भ्रमण भत्ता :

पदाधिकारीहरूले प्रज्ञा-प्रतिष्ठानको कामकार्बाहीको सिलसिलामा नेपाल राज्यभित्र वा मुलुकबाहिर भ्रमण गर्नुपरेमा कुलपतिले नेपाल सरकारको राज्यमन्त्रीसरह, उपकुलपतिले नेपाल सरकारको सहायक मन्त्रीसरह प्राज्ञपरिषद्को सदस्य, प्राज्ञसभासद् र सदस्य-सचिवले नेपाल सरकारका मुख्य सचिवले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउने छन् ।

## ३३. सञ्चय कोष :

पदाधिकारीहरूको मासिक पारिश्रमिकबाट १० (दस) प्रतिशत रकम कट्टा गरी सोही बराबरको रकम प्रतिष्ठानद्वारा थप गरी सञ्चय कोषमा जम्मा गरिनेछ ।

# परिच्छेद – ८
# पदाधिकारीहरूको आचरण

## ३४. पदाधिकारीहरूले गर्न नहुने काम :

(१) प्रज्ञा-प्रतिष्ठानको कुनै पनि पदाधिकारीले निम्नलिखित कार्य गर्नु हुँदैन -

(क) संस्कृति तथा सांस्कृतिक क्षेत्रसँग सम्बन्धित् सार्वजनिक निकायका पदाधिकारीहरूको पदीय तथा पेशागत आचरणसम्बन्धी निर्देशिका -२०२८ मा व्यवस्था भएका निर्देशिकामा उल्लेखित विषयहरू पदाधिकारी तथा सभा सदस्यहरूलाई लागू हुनेछ ।

(ख) प्रज्ञा-प्रतिष्ठान वा आफ्नो ओहदाको प्रतिष्ठामा आघात पुग्ने कामकार्बाही तथा आचरण गर्नु हुँदैन ।

(ग) आचरणसम्बन्धी नियम प्राज्ञपरिषद्को आजीवन तथा मानार्थ सदस्यहरूलाई पनि लागू हुनेछ ।

(घ) कुनै पनि पदाधिकारीले अन्य देशको आवासीय अनुमतिपत्र लिनु हुँदैन । यदि यस्तो आवासीय अनुमति लिइएको पाइएमा नेपाल सरकारको नियमानुसार कारवाहीको भागीदार हुनेछ ।
(विशेष प्राज्ञसभा २०७३ बाट थप)

# परिच्छेद – ९
# लेखकस्व/ सृजना स्वत्वाधिकार (रोयल्टी) कृति प्रकाशन-अनुदान

## ३५. लेखकस्व/स्वत्वाधिकार (रोयल्टी) सम्बन्धी व्यवस्था :

(१) कसैको आफ्नो श्रम र साधनद्वारा लेखिएको ललितकलासँग सम्बन्धित कुनै रचना वा ग्रन्थ **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**द्वारा प्रकाशित गरिएमा सो रचना वा ग्रन्थको निर्धारित मूल्यको २५ प्रतिशतसम्म लेखकस्व/सृजना स्वत्वाधिकार (रोयल्टी) सो व्यक्तिलाई निज र **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को बीचमा भएको कबुलियतनामा अनुसार ललितकला प्रज्ञा-प्रतिष्ठानले दिनेछ ।

(२) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को पूँजी,साधन, श्रम वा **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**का कर्मचारीको सेवासमेतको उपयोग गरी प्रज्ञा-प्रतिष्ठानको प्रबन्धमा विशेष अनुसन्धान तथा खोजी गरी तयार भए, गरिएको कुनै पनि रचना वा ग्रन्थमा दिइने लेखकस्व/सृजना स्वत्वाधिकार (रोयल्टी) १५ प्रतिशतभन्दा बढी हुनेछैन ।

(३) तर **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को तर्फबाट अनुवाद, संकलन वा सम्पादन गर्ने काममा नियुक्त भएको **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को कुनै वैतनिक कर्मचारीद्वारा त्यसरी तयार भएको रचनामा सो कर्मचारीले कुनै किसिमको लेखकस्व/स्वत्वाधिकार (रोयल्टी) पाउने छैन ।

(४) कुनै रचना वा कृतिको प्रकाशन बिक्री वा वितरणको सर्वाधिकार कबुलियतअनुसार पारिश्रमिक दिएर **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले लेखक वा स्रष्टाबाट खरिद गर्न सक्नेछ । त्यस्तो सर्वाधिकार प्राप्त रचनामा कबुलियत सर्तअनुसार कुनै लेखकस्व/सृजना स्वत्वाधिकार (रोयल्टी) दिनुपर्ने छैन ।

(५) अत्याधिक आवश्यकता परेका ग्रन्थ योग्य लेखकबाट लेखाउनु वा अनुवाद गराउनु पर्दा प्राज्ञपरिषद्ले प्राज्ञसभाको स्वीकृतिमा विशेष पारिश्रमिक दिएर पनि लेखाउन वा अनुवाद गराउन सक्नेछ । यसरी लेखाइएको वा अनुवाद गराइएकोमा त्यसको लेखकस्व (रोयल्टी) प्रथम संस्करणको लागि लेखकहरूलाई दिइने छैन ।

(६) प्रकाशनको लागि प्राप्त रचना, कृति तथा पुस्तकको छानबिन गरी तत्सम्बन्धमा निर्णय गर्न प्राज्ञपरिषद्ले प्राज्ञसभासद्हरू सम्मिलित एउटा छुट्टै उपसमितिको गठन गर्नेछ । सो उपसमितिको सिफारिसअनुसार प्रकाशन योग्य ठहरिएका कृति एवं पुस्तक पुस्तिकाहरू मात्र नियम बमोजिम लेखकस्व/सृजना स्वत्वाधिकार (रोयल्टी) प्रदान गर्ने गरी प्रकाशित गरिनेछ ।

(७) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले पुस्तकको रूपमा प्रकाशित गरेको लेखकको कृति (पाण्डुलिपि) को पुनर्प्रकाशनको आवश्यकता भएमा **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले उक्त पुस्तकको पुनर्प्रकाशनको अधिकार सम्बन्धित् लेखकलाई कुलपतिको स्वीकृतिमा प्रदान गर्न सकिनेछ ।

(८) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को आफ्नो स्वामित्वमा रहेको कलाकृतिहरूको पोष्टर, पोष्टकार्ड छपाई गरी प्रतिष्ठानको पूँजी लगानी गरी प्रकाशन गरिएमा रचनाकारले कलाकारस्व/स्वत्वाधिकार (रोयल्टी) पाउने छैन ।

(९) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले आफ्नो स्वामित्वमा नरहेका कलाकारहरूका कलाकृतिहरूको पोष्टर, पोष्टकार्ड प्रकाशन गरी बिक्री वितरण गरेमा मूल्यको २० प्रतिशतसम्म कलाकारस्व (रोयल्टी) सो स्रष्टा कलाकारलाई निज र **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**बीच भएको कबुलियतनामा अनुसार दिइनेछ ।

## परिच्छेद - १०
## आर्थिक सहायता, उपचार कोष एवं अन्य सहयोग सम्बन्धी व्यवस्था

### ३६. आर्थिक सहायता प्रदान गर्न सकिने :

(१) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को कार्यक्षेत्रभित्र योगदान दिने व्यक्ति वा संस्थाले आर्थिक सहयोग माग गरेमा प्राज्ञपरिषद्को निर्णयअनुसार एक आर्थिक वर्षभित्रमा आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

(२) आर्थिक सहायता रकम रू.१,०००।- सम्मको भए सचिवले, रू.२,०००।- सम्मको भए उपकुलपतिले र रू.५,०००।- सम्मको भए कुलपति आफैले आर्थिक सहायताको प्रकृति र औचित्यता हेरी प्रदान गर्न सक्नेछ ।

(३) आर्थिक सहायता दिने सम्बन्धी अन्य नीति निर्धारण प्राज्ञपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ ।

(४) यस नियम बमोजिम प्रदान गरिएको आर्थिक सहायताको विवरण प्राज्ञपरिषद्मा पेश गर्नुपर्नेछ ।

(५) ललितकला क्षेत्रका राष्ट्रिय प्रतिभा, जेष्ठ कलाकारहरू बिरामी भई उपचार गर्नुपर्ने भएमा बिरामीको अवस्था हेरी प्राज्ञपरिषद्को निर्णयअनुसार उपचार खर्च प्रदान गर्न सकिनेछ ।

### ३७. मानार्थ प्राज्ञ तथा आजीवन सदस्यसम्बन्धी व्यवस्था :

(१) नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले मानार्थ प्राज्ञ तथा आजीवन सदस्य तोक्ने आधार एवं मापदण्डहरू आफै निर्धारण गर्न सक्नेछ । त्यसरी निर्धारण गरेको मापदण्डलाई आधार मानी (२) उपनियम (१) बमोजिम मानार्थ प्राज्ञ तथा आजीवन सदस्यको चयन गरी प्राज्ञपरिषद्मा

सिफारिस गर्न कुलपतिले उपकुलपतिको संयोजकत्त्वमा कम्तीमा एक जना प्राज्ञसभासद् समेत रहने गरी बढीमा ५ सदस्य रहेको समिति गठन गर्न सक्नेछ । उक्त समितिमा परिषद्का सदस्य-सचिव रहनेछ ।

(३) उपनियम (२) बमोजिम गठित समितिले त्यस्ता मानार्थ प्राज्ञ तथा आजीवन सदस्यको सिफारिस गर्दा उपनियम (१) मा उल्लेखित परिषद्ले तयार गरेको मापदण्डलाई आधार बनाउनु पर्नेछ ।

(४) ................ हटाइएको । (विशेष प्राज्ञसभा २०७३ बाट हटाइएको)

**३८. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्ने सम्बन्धी व्यवस्था :**

(१) ललितकला विधामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न त्यस्ता व्यक्तिहरूको चयन गर्न कुलपतिले अनुसन्धान, अभिलेख, प्रकाशन तथा मूल्याङ्कन विभागले ल्याएको प्रस्तावअनुसार प्राज्ञसदस्यहरूसहितको समिति गठन गर्न सक्नेछ । त्यसरी गठन गरेको समितिले त्यस्तो कदर, सम्मान प्राप्त गर्न सक्ने व्यक्तिको चयन गरी प्राज्ञ-परिषद्बाट पास गरी अनुमोदनका लागि प्राज्ञसभामा पेश गर्नुपर्नेछ ।

(२) सो समितिले त्यसरी सिफारिस गर्ने व्यक्तित्वको चयनसम्बन्धी आधारहरू तोक्न सक्नेछ ।

(३) सम्बन्धित् विभागका विधा अन्तर्गतका प्रतिभाहरूको सम्बन्धित् विभागबाट सिफारिस भई आएको वा अधिराज्यका कला सम्बद्ध संस्थाहरूबाट **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**मा सिफारिस भई आएमा परिषद्को निर्णयअनुसार हुनेछ ।

(४) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले प्रदान गर्ने पुरस्कारहरू राष्ट्रिय कला प्रदर्शनी बाहेक अन्य पुरस्कारको नाम कुनै अग्रज कलाकारको नाममा सम्बद्ध कलाकारलाई प्राज्ञपरिषद्को सिफारिसमा प्राज्ञसभाबाट अनुमोदन गराई प्रदान गर्न सकिनेछ ।

## परिच्छेद – ११
## विद्वद्वृत्ति सम्बन्धी व्यवस्था

**३९. विद्वद्वृत्ति प्रदान गर्न सकिने :**

(१) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले ऐनको दफा (५) मा रहेका उद्देश्यलाई प्राप्त गर्न अनुसन्धान-अन्वेषण गर्ने कार्यको लागि एक वर्षमा सामान्यतया तोकिएको प्रत्येक विभागमा कम्तीमा एकजना पर्ने गरी विद्वद्वृत्ति प्रदान गर्न सक्नेछ ।

(२) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**बाट प्रदान गरिने विद्वद्वृत्तिको संख्या र बिषय खुलाई उम्मेदवारहरूको आवेदनको लागि नेपालका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

(३) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**बाट प्रदान गरिने विद्वद्वृत्ति नेपाली नागरिकले प्राप्त गर्न सक्नेछ । तर विदेशी तथा गैरआवासीय नेपाली नागरिक NRN को हकमा विषयको आवश्यकता र औचित्य हेरी प्राज्ञपरिषद्ले प्रदान गर्न सक्नेछ ।

(४) यस्तो विद्वद्वृत्ति एक व्यक्तिलाई एक वर्षको लागि दिइनेछ । तर यस्तो विद्वद्वृत्तिको अवधि थप गर्नु आवश्यक देखिएमा अर्को १ वर्षसम्मको लागि पुनः थप गर्न सकिनेछ ।

## ४०. विद्वद्वृत्तिको रकम :

(१) विद्वद्वृत्ति सम्बन्धी आवश्यक पर्ने नियम, विनियम सम्बन्धित् समितिले तयार गर्नेछ ।
(२) विद्वद्वृत्तिको रकम समितिको सिफारिसमा प्राज्ञपरिषद्ले तोकेबमोजिम हुनेछ ।
(३) प्राज्ञपरिषद्ले अन्यथा निर्णय गरेमा बाहेक विद्वद्वृत्तिबाट पाउने रकम विद्वद्वृत्तिमा तोकिएको अवधिसम्म हरेक महिनाको सुरूमा वा परिषद्ले तोकेबमोजिम आवधिक रूपमा दिइनेछ ।
(४) **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**बाट विद्वद्वृत्ति प्राप्त गर्ने व्यक्तिलाई तोकिएको विद्वद्वृत्ति बाहेक अन्य कार्यको निमित्त कुनै अर्को रकम दिइने छैन ।

(५) विद्वद्वृत्ति प्रदान गर्नको लागि उम्मेदवारको सिफारिस गर्न निम्न बमोजिमको समिति गठन गर्न सकिने छ -

| | | |
|---|---|---|
| (क) | उपकुलपति | - संयोजक |
| (ख) | सम्बन्धित् विभागका प्राज्ञ | - सदस्य |
| (ग) | सम्बन्धित् क्षेत्रका विज्ञहरूमध्ये सभासद्सहित कुलपतिले तोकेका दुईजना | - सदस्य |
| (घ) | प्राज्ञपरिषद्को सदस्य-सचिव | - सदस्य-सचिव |

(६) उपनियम (५) बमोजिम गठित समितिले आफ्नो सिफारिस कुलपतिसमक्ष पेश गर्नुपर्नेछ । उक्त सिफारिस अनुसार प्राज्ञपरिषद्ले त्यस्तो विद्वद्वृत्ति प्राप्त गर्ने उम्मेदवारको छनोट गर्नेछ ।
(७) यसरी प्रदान गरिने विद्वद्वृत्ति प्राप्त उम्मेदवारको नामसहित प्राज्ञसभामा अनुमोदनका लागि पेश गरिनेछ ।

## ४१. विद्वद्वृत्ति प्राप्त गर्ने व्यक्तिको कर्तव्य :

(१) विद्वद्वृत्ति पाएका व्यक्तिले आफूले गरेको कार्यको लिखित प्रगति विवरण प्रत्येक ३ महिनामा कुलपतिसमक्ष पेश गर्नुपर्नेछ ।
(२) विद्वद्वृत्ति लिई तयार गराइएको अनुसन्धानात्मक कृतिको कम्प्युटर टाइप गरी, बाइन्डिङ्ग गरेको तीन प्रति प्रज्ञा-प्रतिष्ठानमा बुझाउनु पर्नेछ ।
(३) प्रज्ञा-प्रतिष्ठान को सुझावअनुसार आवश्यक परिमार्जन गरी, कम्प्युटर टाइप गरी, बाइन्डिङ्ग तीन प्रति र एक थान सिडी प्रतिष्ठानमा बुझाउनु पर्नेछ ।
(४) विद्वद्वृत्ति प्राप्त व्यक्तिको कृति **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को सम्पत्तिको रूपमा रहनेछ ।

## ४२. विद्वद्वृत्ति फिर्ता लिन सकिने :

विद्वद्वृत्ति प्राप्त गरी कुनै व्यक्तिले प्रारम्भ गरेको कार्य सन्तोषजनक नठहरिएमा निजलाई प्रदान गरिएको विद्वद्वृत्ति प्राज्ञपरिषद्ले जुनसुकै अवस्थामा पनि फिर्ता लिन सक्नेछ ।

## ४३. विद्वद्वृत्ति पाई तयार गरिएका कृतिहरूको प्रकाशन :

विद्वद्वृत्ति पाई तयार पारिएका कृतिहरू प्रकाशित गर्न **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**लाई कुनै बाध्यता हुनेछैन, तर **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले यस्ता कृतिहरू प्रकाशित गरेमा लेखकले नियमानुसार पाउने लेखकस्व/स्वत्वाधिकार (रोयल्टी) पाउनेछ ।

## परिच्छेद - १२

## विविध

**४४. कर्मचारी सम्बन्धी व्यवस्था :**

**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**का कर्मचारीहरूको सेवा, सर्त, सुविधा सम्बन्धी व्यवस्था प्राज्ञसभाद्वारा पारित नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

**४५. आर्थिक कार्यप्रणाली :**
**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को आर्थिक कार्यप्रणाली छुट्टै नियमद्वारा तोकिएबमोजिम हुनेछ ।

**४६. प्रतीक चिह्न :**
**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को प्रतीक चिह्न तोकिएबमोजिम हुनेछ ।

**४७. बार्षिक प्रतिवेदन :**
प्रज्ञा-प्रतिष्ठानले प्रत्येक बर्ष आफूले गरेको कामकार्बाही स्पष्ट देखिने गरी सामान्यतः आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी संस्कृति मन्त्रालय मार्फत् प्रमुख संरक्षक (सम्माननीय प्रधानमन्त्री) समक्ष पेश गर्नुपर्नेछ ।

**४८. अधिकार प्रत्यायोजन गर्न सकिने :**

(१) ऐन तथा ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम तोकिएका पदाधिकारीहरूले आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार ऐनको प्रतिकूल नहुने गरी आफूमुनिका निकाय, विभाग, पदाधिकारी वा कुनै समिति, उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(२) अधिकार प्रत्यायोजन गरिदिँदा र लिँदा लिखित रूपमा हुनुपर्नेछ ।
(३) अधिकार प्रत्यायोजन गरेको जानकारी आफूभन्दा माथिको निकाय वा पदाधिकारीलाई दिनुपर्नेछ ।
(४) ऐन तथा नियम अन्तर्गत प्रत्यायोजित अधिकार बमोजिम भए गरिएको कामकार्बाही अधिकार प्रत्यायोजन गर्ने विभाग निकाय वा पदाधिकारीद्वारा नै भए गरिएको मानिनेछ ।
(५) अधिकार प्रत्यायोजन बमोजिम भए गरिएको कामकार्बाहीमा अधिकार प्रत्यायोजन गर्ने निकाय वा पदाधिकारीको अन्तिम जिम्मेवारी एवं जवाफदेही साधारणतः रहिरहनेछ ।

**४९. आय आर्जन गर्न सक्ने :**

**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले आफूलाई तोकिएको विषयसँग सम्बन्धित् विविध कार्यक्रमहरू आयोजना गरी अर्थ संकलन गर्न सम्बन्धित् विभागले भूमिका निर्वाह गर्नुपर्नेछ ।

**५०. चल-अचल सम्पत्तिको अधिकतम उपयोग गर्नुपर्ने :**

**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले प्रतिष्ठानको चल-अचल सम्पत्तिको अधिकतम उपयोग हुन सक्ने गरी दीर्घकालीन रूपमा आय आर्जन गर्न योजना तयार गरी कार्यान्वयन गर्न सक्नेछ । सो कार्य गर्न सम्बन्धित् विभागले भूमिका निर्वाह गर्नेछ ।

**५१. यसै नियम बमोजिम हुने :**

प्रचलित नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियममा लेखिएजति कुरामा यसै नियम बमोजिम हुनेछ । तर **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान** ऐन, २०६४ सँग बाझिएको नियम बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

५२. यी नियमहरूको उद्देश्य पूर्तिको लागि **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले आवश्यक कार्यप्रणाली वा व्यवस्थापन-प्रणाली बनाई लागू गर्न सक्नेछ ।

**५३.** **प्रज्ञा-प्रतिष्ठान**ले गर्ने विभिन्न कला कार्यक्रमहरूमा जातीय, क्षेत्रीय, मधेसी, शारीरिक रूपबाट पछाडि पारिएका वर्ग, समुदायलाई समावेशीका आधारमा समावेश गरिनेछ ।

५४. **प्रज्ञा-प्रतिष्ठान**ले गर्ने विभिन्न कला कार्यक्रमहरूमा महिलालाई ३३ प्रतिशत सहभागी गराइनेछ ।

५५. सम्पर्क विस्तारका सम्बन्धमा सम्बन्धित् क्षेत्रका प्राज्ञसभासद् तथा अधिराज्यका सक्रिय कलाकार र कला संस्थाहरूसँग सम्पर्क र समन्वय गरी जिल्लास्तरीय कला कार्यक्रमहरू गर्ने, गराउने ।

**५६. बाधा अड्काउ फुकाउने अधिकार :**

प्रचलित ऐन एवं यस नियमावलीमा उल्लेखित काम, कर्तव्यका अतिरिक्त अन्य कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार प्राज्ञपरिषद्मा हुनेछ । त्यस्तो बाधा अड्काउ फुकाउँदा गरेको आदेश वा निर्णयले **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को नीतिगत कुराहरूमा असर पर्ने कुरा भएमा त्यस्ता निर्णय वा आदेशहरू प्राज्ञसभामा प्रस्तुत गरी समर्थन गराउनु पर्नेछ ।

**५७. आन्तरिक कार्यविधि बनाउन सक्ने :**

यस नियमावलीमा उल्लेखित व्यवस्थाका अतिरिक्त अन्य आन्तरिक कार्यविधि प्राज्ञपरिषद्को निर्णय अनुसार **नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**ले तयार गरी जारी गर्न सक्नेछ ।

**५८. बचाउ :**

**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान**को यो नियमावली पारित गर्नुभन्दा पहिले परिषद्बाट भए गरेका सम्पूर्ण कामकार्बाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

________________

**प्रमाणित गर्ने**